स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि नगरपालिका
Local Government
Madhyapur Thimi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल
Thimi, Bhaktapur, Bagmati Province, Nepal
6630225
6630046
6631405
6635704
Ambulance : 6631000
Fax: 977-1-6630225
Website:www.madhyapurthimimun.gov.np

Ref. No.: २६६४

मितिः २०८०।०२।३०

**विषयः संस्थागत विद्यालयको छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा शिक्षा ऐन २०२८ को दफा १६ञ. तथा शिक्षा नियमावली २०५९को नियम १५१(२) ले व्यवस्था गरे बमोजिम संस्थागत विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, विपन्न/गरीब, महिला, अपाङ्गता भएका व्यक्ति (अपाङ्गता भएका व्यक्तिका छोरा/छोरी), दलित, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यकलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्ने प्रावधान रहेकोमा मध्यपुर थिमि नगरपालिका नगर शिक्षा ऐन २०७९ को दफा २८(१) र (२) ले गरेको व्यवस्था अनुरुप भर्ना भएका जम्मा विद्यार्थी संख्याको दश प्रतिशतबाट हुन आउने संख्यालाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत छात्रवृत्ति विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार वितरण गर्ने र बाँकी पचास प्रतिशत नगरपालिकाले स्वामित्व ग्रहण गरी नगरपालिकाको सिफारिसमा वितरण गरिने व्यवस्था भएकोले सोही अनुसार नगरपालिकाले स्वामित्व ग्रहण गरेको पचास प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि यस नगरपालिका स्थित संस्थागत विद्यालयमा अध्ययनरत लक्षित समूहका कक्षा १ देखि कक्षा ९ सम्मका विद्यार्थीहरुले मिति २०८० साल असार १५ गते सम्ममा नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा आ-आफ्नो वडा कार्यालयको सिफारिस सहित तपसिलको ढाँचा बमोजिम निवेदन पेश गर्न हुन सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः गत शैक्षिक सत्रमा कक्षा ९ मा छात्रवृत्ति पाईरहेका विद्यार्थीहरुको हकमा विद्यालयले तिनै विद्यार्थीहरुलाई कक्षा १० मा पनि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।छात्रवृत्ति सम्बन्धी सूचना तथा आवेदनको ढाँचा यस नगरपालिकाको Website:www.madhyapurthimimun.gov.np मा हेर्नु हुन अनुरोध छ ।

ज्ञानेन्द्र प्रसाद भट्ट
प्रमुख
शिक्षा युवा तथा खेलकूद शाखा

श्री............................. विद्यालय

.....................................

मध्यपुर थिमि

भक्तपुर ।

विषयः छात्रवृत्ति सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस विद्यालयमा मेरो छोरा/छोरी देहाय बमोजिमको कक्षा ...... मा अध्ययनरत रहेकोले निम्नानुसारको छात्रवृत्ति पाउन यो निवेदन पेश गरेको छु ।

अभिभावकको नामः...................................................

विद्यार्थीको नामः................................................... (अंग्रेजीमा नाम):.............................................

विद्यार्थीको ठेगानाः..........................................................

शै.स. २०८० को कक्षा ....मा भर्ना भएको विद्यालयको नामः.................................................

विद्यालयको ठेगानाः मध्यपुर थिमि नगरपालिका वडा नं.............................................

गत शैक्षिक सत्र २०७९ मा (कक्षा) अध्ययन गरेको विद्यालयको नामः.......................................

माग गरेको छात्रवृत्तिको किसिमः आर्थिकरुपले पिछिडिएको(विपन्न)/ जेहन्दार/जनजाती/दलित/महिला/अपाङ्गता/ लोपन्मुख/ आदिवासी/अल्पसंख्यक/पिछडिएको क्षेत्र/ मधेशी/अन्यः-

<u>निवेदक</u>

नामः

दस्तखतः

ठेगानाः

मो.नं./सम्पर्क नं.:

मितिः

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:</u>

१ नगरपालिका/गाउँपालिका/ वडा कार्यलयको विपन्नता खोलिएको सिफरिस सक्कलै ।

२ तल्लो कक्षाको ग्रेडसीट/प्रमाणको प्रतिलिपी ।

३ आरक्षण/ समावेशी कोटामा अध्ययन गर्न चाहने विद्यार्थीले आधिकारिक आयोग/संघ संस्थाबाट परिचय खुलेको प्रमाण-पत्र ।

४ अभिभावकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।